
# सूक्ष्मजीव र प्रतिजैविक औषधि

मानिस तथा पशुपन्छीमा सूक्ष्मजीव (ब्याक्टेरिया, भाईरस, ढुसी, परजीवी) को कारणले संक्रमण हुने/ रोग लाग्ने हुन्छ | उक्त रोग निवारण गर्न/उपचार गर्न प्रयोग हुने औषधिलाई प्रतिजैविक औषधि अर्थात् एन्टीबायोटिक्स लगायत एन्टीमाईक्रोबियल्स (antibiotics, antimicrobials) भनिन्छ |

- ब्याक्टेरिया को कारणले संक्रमण/रोग लागेमा प्रयोग गरिने औषधिलाई एन्टीबायोटिक्स (Antibiotics) वा एन्टीब्याक्टेरियल (Antibacterial) भनिन्छ |
- भाईरसको कारणले संक्रमण/रोग लागेमा प्रयोग गरिने औषधिलाई एन्टीभाईरल (Antiviral) भनिन्छ|
- ढुसीको कारणले संक्रमण/ रोग लागेमा प्रयोग गरिने औषधिलाई एन्टीफन्गल (Antifungal) भनिन्छ |
- परजीवीको कारणले संक्रमण/रोग लागेमा प्रयोग गरिने औषधिलाई एन्टीपारासाईटिक (Antiparasitic) भनिन्छ |

यी सबै वर्गको औषधिलाई एकमुष्ठमा भन्नु पर्दा एन्टीमाईक्रोबियल्स (Antimicrobials) भनिन्छ | नेपाली शब्दमा भन्नुपर्दा प्रतिजैविक औषधि भनिन्छ |




नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

यी प्रतिजैविक औषधिको मूलभुत काम भनेको सूक्ष्मजीवलाई मार्नु वा निस्क्रिय बनाई रोग/संक्रमण बाट उन्मुक्ति दिनु हो। यदि औषधिले आफ्नो मूलभुत कार्य गर्न सकेन भने संक्रमण/रोग निको हुन पाउँदैन| अर्थात् औषधिहरु रोग/संक्रमण ब्रिरुद्द प्रभावहीन हुन जान्छ |औषधि प्रभावहीन हुनु भनेको औषधिले असर देखाउन नसक्नु ,औषधिले काम गर्न नसक्नु ,रोगको उपचार गर्न नसक्नु हो |


## प्रतिजैविक प्रतिरोध (एन्टीमाइक्रोबियल रेजिस्टेन्स , Antimicrobial Resistance, AMR)

प्रतिजैविक प्रतिरोध भनेको सूक्ष्मजीवले विकास गर्ने यस्तो प्रतिरोध गुण हो जसले गर्दा प्रतिजैविक औषधिहरुले आफ्नो काम गर्न सक्दैनन् अर्थात् औषधि प्रभावहीन भई संक्रमण गराउने सूक्ष्मजीव प्रति आफ्नो असर देखाउन सक्दैन | जसले गर्दा औषधिको प्रभावकारितामा ह्रास आउछ|साधारण भाषामा भन्नुपर्दा, सूक्ष्मजीवले औषधि पचाएर बलियो हुन्छ, जसका कारण औषधिले रोग वा संक्रमणको उपचार गर्न नसक्ने अवस्था उत्पन्न हुन्छ भनेर बुझ्न सकिन्छ।




नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# एक स्वास्थ्य र प्रतिजैविक प्रतिरोध




सूक्ष्मजीवको बासस्थान भनेको मानव, पशुपन्छी, बोटबिरुवा लगायत सम्पूर्ण वातवरण हो र यी सूक्ष्मजीवहरु वातवरण र खाद्यको मध्यमबाट पशु स्वास्थ्य, मानव स्वास्थ्य र बातावरण स्वास्थ्यमा घुमिरहने हुन्छ | जसले गर्दा एक क्षेत्रमा भएको अनुचित प्रयोग र दुरुपयोगले अर्को क्षेत्रमा असर गर्ने हुनाले यो प्रतिजैविक प्रतिरोध “एक स्वास्थ्य” अवधारण अन्तर्गत चुनौतिको बिषय भएको छ | तसर्थ प्रतिजैविक प्रतिरोध बिषय बहुक्षेत्र बहुआयम संग जोडिएको बिषय हो|

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## प्रतिजैविक प्रतिरोध, (एन्टीमाइक्रोबियल रेजिस्टेन्स , AMR) सूक्ष्मजीवमा विकास गर्न के ले सहयोग गर्छ त ?

एक स्वास्थ्यमा (मानव स्वास्थ्य, पशु स्वास्थ्य, कृषि तथा वातावरण स्वास्थ्य) प्रतिजैविक औषधिहरुको अनुचित प्रयोग/दुरुपयोग गर्नु वा हुनु नै प्रतिजैविक प्रतिरोध, (एन्टीमाइक्रोबियल रेजिस्टेन्स , AMR) विकास हुनुको मूल कारण हो ।

मानिस तथा पशुपन्छीमा प्रतिजैविक औषधिको अनुचित वा दुरुपयोगको कारणले विश्वभरीनै प्रतिजैविक प्रतिरोध/एन्टीमाइक्रोबियल रेजिस्टेन्स को जोखिम बढ्दै गएको छ भनेर अध्ययन अनुसन्धानले औँल्याएको छ ।

## तसर्थ प्रतिजैविक औषधिहरुको समुदायस्तरमा समुचित प्रयोग कसरी गर्न सकिन्छ ?

### के गर्ने ?

- संक्रमण/रोग लागेको खण्डमा स्वास्थ्य उपचारको लागि प्रेशक्रिप्सन अनुसार मात्र प्रतिजैविक औषधि प्रयोग गर्ने
- औषधि सेवन गरेको केही दिनमा आफूलाई राम्रो भएको महसुस भएता पनि स्वास्थ्यकर्मीको प्रेशक्रिप्सन लेखिदिएको अवधि बमोजिम पुरा समय औषधि सेवन गर्ने
- बिध्यमान संक्रमण बिरुद्दको खोप पुरा लिने
- त्यस्तै गरी आफूले पशुपन्छी पालन गरेको भए ती पशुपन्छीमा पनि पशुस्वास्थ्यकर्मी को सल्लाहमा मात्र औषधि प्रयोग गर्ने , बेलामा नै संक्रमण बिरुद्दको खोपदिने र पशुपालनमा सरसफाई, जैविक सुरक्षा, असल पशुपन्छीपालन विधि अपनाउने
- बढी भएका वा म्याद नाघेका प्रतिजैविक औषधि सुरक्षित बिसर्जनको लागि पहलपूर्ण काम गर्ने

### के नगर्ने ?

- अनावश्यक वा आफूखुशी प्रतिजैविक औषधि प्रयोग नगर्ने
- भाइरल संक्रमणको लागि एन्टीबायोटिक्सको प्रयोग नगर्ने
- स्वास्थ्यकर्मीको प्रेशक्रिप्सन बिना आफू खुशी प्रतिजैविक औषधि प्रयोग नगर्ने
- पशुपन्छीमा अनावश्यक वा आफूखुशी प्रतिजैविक औषधिको प्रयोग नगर्ने
- बढी भएका वा म्याद नाघेका प्रतिजैविक औषधि बातावरणमा जथाभावी बिसर्जन नगर्ने

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# प्रतिजैविक औषधिको प्याकेटमा रहेको रातो धर्काको अर्थ के हो ?

औषधिको प्याकेटमा रहेको रातो धर्का संकेत हो, जसले प्रतिजैविक औषधि (अर्थात् एन्टीबायोटिक्स लगायत एन्टीमाईक्रोबियल) स्वास्थ्यकर्मीको प्रेशक्रिप्सन बिना आफू खुशी प्रयोग गर्नु हुँदैन, गरेको खण्डमा स्वास्थ्य जोखिम बढ्छ भन्ने जनाउँछ। यस्ता औषधिहरु औषधि ऐन २०३५ मा रहेको कानुनी प्रावधान अनुसार स्वास्थ्यकर्मीको प्रेशक्रिप्सनमा मात्र बिक्रीवितरण गर्नुपर्ने हुन्छ।

**प्रतिजैविक प्रतिरोध रोकथाम/ न्यूनीकरण गर्न औषधिको समुचित प्रयोग अभियानमा सहयोग गरौं।**

सभ्य नागरिकको परिचय दिउँ

औषधि ऐन २०३५ को पालना गरौं

आफ्नो वर्तमान र भावी पुस्ताको उपचारका लागि औषधिको प्रभावकारिता जोगाई राखौं



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय